# स्वर्गिय अम्बर गुरुङको सम्झनामा

- *कपिल लोहनी* *

यो हप्ता वरिष्ठ संगीतज्ञ स्वर्गिय अम्बर गुरुङको देहावसान भएको पनि चार वर्ष पुगेछ । सन् २०१६ सालको जुन ७ तारिखका दिन उनले यो लोक छाडेर स्वर्गलोक तिर प्रस्थान गरेका थिए । निकै लामो अवधिसम्म अस्वस्थ रहेका संगितका महर्षी अम्बर गुरुङलाई भारत तथा नेपालका विभिन्न अस्पतालहरुमा उपचार गराए उनका परिवारजनले । उनलाई मधुमेह, पार्किन्सन्स डिजिज र पछिल्लो समयमा पेटको क्यान्सर भएको थियो । उनको सम्मानस्वरुप उनको उपचारको केही खर्च राज्यले पनि व्यहोरिदिएको थियो ।  उनको स्वास्थ्य खराव भएर काठमाडौँको ग्राण्डी अस्पतालमा उनि भर्ना भएका वखत म पनि केही पटक उनलाई भेट्न त्यहाँ गएको थिएँ । विरामी भएर अस्पतालको विछौनामा बस्दा पनि उनको मुहारमा एक प्रकारको चमक र मनमा हौसला हुन्थ्यो जीवन प्रति । उनका छोराहरुले हात समाएर अस्पतालको कोरिडोरमा टहल्न लग्दा पनि उनि मुस्कुराउँदै उल्टो हामीलाई सोध्दै थिए, “तिमीहरुलाई ठिक छ ?” भनेर ।  निकै दह्रो आत्मबल भएका व्यक्ति थिए उनी ।

तर एकदिन जब उनको उपचारमा कार्यरत चिकित्सकहरुले उनलाई अब बचाउन नसक्ने र उनले यो धर्ती कुनै पनि बेला छोड्ने भएकोले अन्तिम पटक भेट्न परिवारजन र हामी उपस्थित आफन्तहरुलाई जनाउ दिए, तब हामी एक एक जना गरेर अस्पतालको गहन हेरचाह कक्ष (Intensive Care Unit) मा गएर उनिसँग अन्तिम भेट गर्‍यौं । होस गुमिसकेका तथा सकि नसकी अन्तिम श्वास लिइरहेका आफ्ना गुरुको त्यो अवस्था देखेर म मनै देखि भक्कानिएँ । तर मनलाई काबुमा राखेर उनको गाला र हात सुम्सुमाएर पाउमा ढोग गरी भारी मन लिएर बाहिर निस्किएँ । उनका परिवारका सबै सदस्यहरु सुशिक्षित भएकाले सबैको मन निकै दुखेको भएपनि एकले अर्कालाई सान्त्वना दिँदै धैर्यधारण गरिरहेका थिए ।

भोलिपल्ट उनलाई अन्तिम श्रद्धाञ्जली चढाउन चाहनेहरुका लागि उनको पार्थिव शरीर प्रज्ञा प्रतिष्ठान परिसरमा राखिएको थियो । आम सञ्चार माध्यमहरुले उनको देहावसानको खवर पटक पटक प्रशारण गरेकाले बिहानदेखि नै प्रज्ञा भवनमा उनलाई श्रद्धाञ्जली दिन आउनेहरुको भिड लाग्न थालिसकेको थियो । रातभर उनकै शोकमा मग्न भएर विगतका कुराहरु खेलाएर रात बिताएको मलाई त्यो दिन कार्यालयमा काम गर्ने मन पटक्कै भएन, त्यसैले बिदा लिएर म सिधै प्रज्ञा प्रतिष्ठान परिसरमा उनको शवको छेउमा गएर दिनभरी विभिन्न क्षेत्रका आगन्तुकहरु अन्तिम श्रद्धाञ्जली अर्पण गर्न आएको करुण दृश्य नियाल्दै बसेँ । उनकी अर्धाङ्गिनी र परिवारजन तथा संगितकर्मी देखि लिएर कलाका विभिन्न विधामा काम गर्ने व्यक्तिहरुका साथै समाजका सबै क्षेत्रका गण्यमान्य व्यक्तिहरु तथा निकै धेरै विदेशीहरुसमेत त्यहाँ आएर उनलाई श्रद्धाञ्जली दिए । पछिल्लो समयमा उनको कदर स्वरुप उनलाई नेपाली सेनाका महासेनानी (कर्णेल) को मानार्थ पदवी पनि दिइएको थियो । त्यो दिन उनको शवयात्रामा पनि सेनाले नै राजकीय सम्मानका साथ उनलाई पशुपतिनाथको मन्दिरस्थित आर्यघाटमा पुर्‍यायो र हजारौं शोकसन्तप्त प्रशंसकहरुको उपस्थितिमा उनको दाहसंस्कार गरियो ।

उनि कुनै राजा-महाराजा वा धनाढ्यका परिवारका सदस्य थिएनन् यो सब सम्मान पाउन । यो त एक साधारण घरमा जन्मेका नेपालका सपुतले आफ्नो मेहनत र परिश्रमले संगित मार्फत लोकको मन जितेर आर्जेको मानसम्मान र माया मात्र थियो ।

सन् १९३८ सालको फेब्रुअरी २६ मा दार्जिलिङको लालढिकी भन्ने ठाउँमा जन्मेका अम्बर गुरुङका बुवा उजिरसिँह गुरुङ र आमा रेणुकादेवी गुरुङ थिए । उनको पुर्खौली थलो गोर्खाको रिसिङ हो । उनका बुवा शुरुमा वृटिश भारतको सेनामा भर्ती भए र पछि प्रहरी सेवामा जागिरे भएर दार्जिलिङ बस्दा उन्की आमासँग भेट भएर विवाह पश्चात उतै बसे । १७ वर्षको कलिलो उमेरमा नै बीना गुरुङसँग विवाह बन्धनमा बाँधिएका अम्बरका किशोर, राजु र शरद गुरुङ गरी तिन छोराहरु र एक छोरी अलका गुरुङ छन् । उनले आफ्ना तिनै जना छोराहरु र छोरीलाई संगितमा नै लाग्ने हौसला दिए र उनका छोरा छोरीहरुका पहिलो गुरु पनि उनि आफै भए भने पछिल्लो समयमा तिनैजना छोराहरुले संयुक्त राज्य अमेरिकाका प्रख्यात संगित महाविद्यालयहरुबाट पाश्चात्य संगितमा उच्च शिक्षा हासिल गरे । जेठा छोरा किशोर शास्त्रिय गितार (classical guitar) मा माहिर भए भने माहिला छोरा राजु ड्रम तथा तालका सिद्धान्तमा । त्यस्तै कान्छ छोरा शरद्ले पियानो र किबोर्डमा । उनकी छोरी अलका पनि सांगितिक माहौलमा नै हुर्केकी र गित गाउन निकै रुचाउने भएपनि उनले संयुक्त अधिराज्यबाट समाज शास्त्रमा उच्च शिक्षा हासिल गरीन् ।

संगितका प्रकाण्ड विद्धान भएपनि अम्बर गुरुङ लेखन र साहित्यमा पनि उत्तिनै प्रखर थिए । आफुपनि लेखन कलामा निपुण भएकाले उनी लेखक तथा साहित्यकारहरुसँग भेटेर गफ गर्न निकै रुचाउँथे । इन्द्रबहादुर राई (समालोचक) बाट निकै प्रभावित उनि अगमसिंह गिरी (गीतकार), पासाङ वाङ्वल ( गीतकार), गगन गुरुङ (गायक), भूपि शेरचन (कवि), शंकर लामिछाने (साहित्यकार), विष्णुकुमारी वाइवा “पारिजात” (साहित्यकार), रत्नशम्शेर थापा (गितकार), किरण खरेल (गितकार), श्यामदास वैश्णव (कवी तथा साहित्यकार), आदिसँग साहित्यिक वार्तालाप गर्न निकै रुचाउँथे । प्रज्ञा प्रतिष्ठानमा छँदा त उनको हेलमेल विभिन्न प्राज्ञहरुसँग दिनहुँजसो हुने भएकोले पनि उनको ज्ञानको धरातल झनै वढ्दै गयो । हाम्रा पिताजीसँग पनि उनको निकै राम्रो सम्बन्ध थियो । अर्थशास्त्री, राजनैतिक चिन्तक र वुद्धिजिवी भएपनि हाम्रा पिता गोविन्दप्रसाद लोहनीले साहित्य तथा दर्शनशास्त्रमा पनि निकै नाम कमाउनु भएको छ । वहाँले संगितलाई निकै आदरका साथ हेर्ने भएकाले अम्बर गुरुङलाई वहाँ निकै मन पराउनु हुन्थ्यो । उनिहरु ज्ञानेश्वरमा बस्दा पिताजी र म किर्तिनिधी विष्टलाई भेट्न गएको बेला उनैको घरसँग टाँसिएको घरमा बस्ने अम्बर गुरुङलाई भेट्न कैयन चोटी उनको घरमा गएका छौं । त्यस्तै विभिन्न समारोहहरु र पार्टीहरुमा खानपिनका साथ उहाँहरुका विभिन्न विषयमा लामा गफ हुने गरेता पनि त्यहाँबाट निस्के पछि कैयन चोटी फेरी कुनै रेष्टुरेन्टमा बसेर अलिकति रक्सी र सितन थपेर गफ गर्ने अनि उनलाई घरसम्म छोड्ने चलन नै बनेको थियो ।

उतिबेला दार्जिलिङ्गको भानुभक्त स्कुलको एउटा कोठामा आर्ट एकेडेमी खोलिएको थियो र यसको अध्यक्ष अम्बर आफै थिए । यही एकेडेमीमा लेखन, साहित्य, गायन र संगितका विभिन्न हस्तीहरु आउँथे र यीनै विषयमा गफगाफ हुन्थ्यो । यही संगित प्रतिष्ठानका उत्पादनहरु र अम्बरसँगै संगीत सिकेका शरण प्रधान (गितकार तथा संगितकार), अरुणा लामा (गायिका), कर्म योञ्जन (संगितकार), शान्ति ठटाल (संगितकार), इन्द्र गज्मेर, जितेन्द्र बर्देवा, रञ्जित गज्मेर तथा पिटर जे. कार्थक (संगितकार र वाद्य विज्ञ) र गोपाल योञ्जन (गायक तथा संगितकार) आदिका प्रतिभाबाट ज्यादै प्रभावित भएका थिए उनि । संगीतको विकासमा पछिल्लो पिँढीका दिव्य खालिङ, दिपक जंगम, प्रकाश गुरुङ, दिप श्रेष्ठ, किरण प्रधान, शिलाबहादुर मोक्तान, शम्भु राई आदि र उनि आफैसँग सिकेका शक्ति वल्लभ, शिशिर योगी, राजकुमार श्रेष्ठ तथा उनका आफ्नै छोराहरुसँग पनि उनले निकै आशा गरेका थिए । उनलाई मन परेका अन्य शिष्यहरुमा म आफै, कुवेर राई, नरेन्द्र प्यासी, तथा ठुले राई आदि पनि पर्दछन् ।

सन् १९५० को दशकमा नै अम्बरले ख्याती प्राप्त गर्दै गइसकेका थिए । तर उनको समयमा संगित सिकाउने राम्रा विद्यालयहरु नभएका, घरबाट पनि प्रोत्साहन नपाइने, संगितका राम्रा पुस्तकहरु उपलब्ध नहुने तथा आफुसँग वाद्य सामग्रीहरु किन्ने पैसा पनि नहुने भएकाले अम्बरलाई संगीत सिक्न एकदम कठिन भएकोले उनले निकै दुख गर्नु परेको थियो । उनले धेरैजसो स्वअध्ययन गरेर नै संगीत सिके । छिटै विहे गरेका अम्बरलाई छोरा, छोरीहरु हुँदै गएपछि एक प्रकारले संगीत छोडेर बावुआमाले जोडेको जमीनमा खेती गरौँकी जस्तो भावना पनि आएको रहेछ । तर मित्र अगमसिंह गिरी र शंकर लामिछानेले उनको प्रतिभालाई चिनेर उनले संगीत कुनै हालतमा पनि छोड्न नहुने कुरा बताएपछि भने उनि संगीतमा नै रमाउन लागे ।

अम्बरले गाएको पहिलो गित त्यतिबेलाका प्रख्यात कवि अगमसिंह गिरीद्वारा लेखिएको “नौ लाख तारा उदायो” हो । तर त्यो गितमा अलिक प्रवासीहरुका दुखका कुराहरु भएका शव्दहरु चयन भएकाले त्यहाँको सरकारले यो गितमा राजनैतिक रंग हालेर जागृति ल्याउन खोजेको आरोप लगाएर यसलाई प्रसारण गर्न प्रतिवन्ध लगाई दियो । त्यसताका विभिन्न चियाकमानहरुले खासगरी चाडपर्वहरुमा कार्यक्रम आयोजना गरेर अम्बर र उनको एकेडेमीका सहकर्मीहरुलाई बोलाउने गरेका थिए, जसबाट एकेडेमीलाई अलिक आर्थिक सहयोग पनि हुन्थ्यो भने कलाकारले ख्याती पनि कमाउने । अम्बर कै समकालीन गायक गगन गुरुङको केही समय अघिको एउटा अन्तरवार्तामा उनले अम्बरले केही समय दार्जिलिङको नेहरु रोडमा अवस्थित साउन्ड सर्भिस भन्ने संगितको दुकानमा पनि काम गरेको कुरा बताएका थिए । उनले पश्चिम वंगालको सूचना विभागमा संगित प्रमुखको रुपमा पनि काम गरे । त्यस्तै उनि टर्नवुल हाई स्कुल र डक्टर ग्राहाम्स होम्समा पनि केही समय संगित प्रशिक्षकको रुपमा कार्यरत रहे ।

यस्तै समय तिर राजा महेन्द्रको दार्जिलिङ भ्रमणको वखत अम्बर गुरुङ दार्जिलिङमा नभएकाले गायक गगन गुरुङले उनको गित “नौ लाख तारा उदायो” गाएर महेन्द्रलाई सुनाएछन् । यो गितबाट निकै प्रभावित भएर राजा महेन्द्रले अम्बरलाई आफ्नो जन्मदिन तथा विभिन्न समारोहहरुमा नेपालमा बोलाउने गरेका रहेछन् र एकचोटीको भेटमा महेन्द्रले उनलाई नेपालमा नै बसेर नेपाली संगितको विकासमा काम गर्ने प्रेरणा दिएका रहेछन् । दार्जिलिङमा नै छँदा खेरी पनि अम्बरले धेरै चोटी नेपाल आएर आफ्ना सांगितिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए ।

सन् १९५७ मा राजा महेन्द्रले नेपाल साहित्य कला एकेडेमीको स्थापना गरे । पछि यसको नाम नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान रहन गयो । त्यतिबेला उनले फेरी पनि साहित्य र कलाको क्षेत्रमा भारतमा बसोबास गरेर ठुलो योगदान गरेका कैयन् हस्तीहरु जस्तै सूर्यविक्रम ज्ञवाली, लैनसिंह वांग्देल, अम्बर गुरुङ आदिलाई नेपालमा आएर काम गर्न आग्रह गरे । अम्बरलाई त्यतिबेला नेपालमा बसाईं सार्न साहित्यकार उत्तम कुँवर, शंकर लामिछाने र भूपि शेरचनको ठुलो देन थियो । नेपाल आएपछि उनलाई राजा महेन्द्र कहाँ भेट्ने चाँजो पाँजो मिलाइदिएर उनिहरुले राजासँग भेट्न जाँदा लगाउने लुगा देखि बोल्ने तौर-तरिकासम्म सिकाएछन् । उत्तमले त यदि राजाले उनको लागि यता के वन्दोवस्त गरिदिनु पर्छ भनेर सोधेमा एउटा सानो घर वा जग्गा भए राम्रो हुने कुरा राख्नु भनेर पनि सिकाएछन् । तर अम्बरले राजासँग भेटेर फर्किए पछि उत्तमलाई “राजाले त्यही प्रश्न सोधे तर मलाई एकदम अप्ठ्यारो महसुस भएर मैले हाललाई म दार्जिलिङमा नै केही समय बसेर त्यहाँको संगीतको विकासमा लाग्न चाहन्छु र यता आएपछि भने मलाई संगीत साधना गर्न एउटा पियानो पाए राम्रो हुने थियो भनेँ” भनेर सुनाएछन् । यो सुनेर उत्तम त छानाबाट खसेको जस्तो भएछन् । राजाले त्यतिबेला “तिम्रो उच्च विचार

हो" भनेछन् र पछि अम्बर नेपालमा बस्ने गरि आएपछि उनलाई नेपाल राजकिय प्रज्ञा प्रतिष्ठानको संगित विभागको प्रमुखको रुपमा जागिर पनि मिलाइ दिएछन् र उनको कार्यकक्षमा एउटा पियानो पनि राख्न लगाएछन् । यो पियानो पछि सम्म पनि त्यहाँ थियो तर अहिले सुन्नमा आए अनुसार अम्बरले अवकाश प्राप्त गरेपछि बजाउने मान्छे नभएर त्यो पियानो एउटा कुनामा धुलै धुलोको बिचमा फ्याँकिएको छ रे ।

उनकै भनाईमा उनिहरु दार्जिलिङमा नै जन्मेको भएता पनि आफु भित्र कस्तो कस्तो विरानो ठाउँमा बसिरहेको तथा त्यहाँ आफ्नो नेपालीत्व हराईरहेको महसुस हुने गर्दथ्यो । चियावारीमा मजदुरी गर्ने देखि लिएर त्यो क्षेत्रका सबैजसो जनता नेपालीमूलका भएपनि त्यो अर्काको देश भएकोले त्यहाँ उनिहरु कै डाडु पनेउ चल्थ्यो र नेपाली भाषाको विकासमा नै पनि बेला बेलामा कति व्यवधानहरु आएका थिए । पछि त्यहाँ बस्ने जागरुक नेपालीहरु एकजुट भएर आवाज उठाउन थाले पछि भने नेपालीपनका केही कुराहरु, भाषा, साहित्यमा त्यहाँको सरकारले केही लचकता देखाउँदै गयो । दार्जिलिङ सबै जातका नेपालीहरु बस्ने एउटा निकै महत्वपुर्ण ठाउँ हो । अंग्रेजहरुले त्यतिबेला त्यहाँका नेपालीहरुलाई चिया मजदुरीको काममा मात्र लगाएका थिए भने भारत स्वतन्त्र भएपछि पनि हाम्रो जातीको लागि कुनै ठोस काम त्यहाँका सरकारहरुले गरेका छैनन्  भन्थे उनि । उनको भनाईमा संस्कृति, साहित्य र संगीतलाई राजनैतिक रुपले कहीँ पनि हेरिनु ठिक होइन ।

प्रज्ञा प्रतिष्ठानमा लामो समयसम्म कार्यरत रहँदा अम्बर गुरुङले फिलिपिन्स, हंगकंग, जापान, चीन, मलेशिया तथा भारत जस्ता कैयन मुलुकहरुमा सांस्कृतिक टोलीहरुको नेतृत्व गरेर त्यहाँका समकक्षी तथा कला प्रेमीहरुलाई नेपालको सांस्कृतिक झल्को निकै प्रभावकारी तवरले दिए । आफ्नो क्षेत्र वाहेक अन्य धेरै विधाका कुरा बुझेका तथा अर्न्तराष्ट्रिय साहित्य, संगित र कलाको पनि राम्रो जानकारी राख्ने र अंग्रेजीमा पनि महारथ हासिल गरेका अम्बर जस्ता व्यक्तिले नेपाललाई नेतृत्व गरेर विदेशमा राम्रै छाप पारे होलान् ।

उनि प्रज्ञा प्रतिष्ठानमा हुँदा पनि उनको विरोधमा षडयन्त्र गर्नेहरुको कमी थिएन । भारतबाट यता आएका र त्यस माथि पनि राजाले नै बोलाएका व्यक्ति भएकाले धेरैले उनको इर्श्या गर्दथे । एकचोटी यस्तै षडयन्त्रको शिकार भएको बेला उनले भूपि शेरचनलाई आफु यसरी काम गर्न नसक्ने कुरा बताएछन् । यहाँको माहौल बुझेका भूपिले कसैले षडयन्त्र रचेमा आफु पनि सचेत भएर दुम्सीले दुलोमा लुकेर काँडा फ्याँके झैँ गरि प्रतिकार गर्नु पर्छ भनेछन् । अम्बरले पनि झट्ट "मैले त्यति गरुञ्जेलसम्म तिनीहरुले दुलोमा धुवाँ कोचेर निसास्सिने बनाईसकेका हुन्छन्, अनि के गर्नु" भन्न भ्याएछन् । जवाफमा भूपिले मुस्कुराउँदै भनेछन्, "त्यसो गरेछन् भने अक्सिजन मास्क लगाएर बस्नु पर्छ, तर हार मान्नै हुँदैन" ।  यो कुरा अम्बर निकै पछिसम्म पनि सम्झेर हाँस्दा रहेछन् ।

अम्बरले बजाउने मुख्य वाद्यवादनका साधन पियानो र भ्वाइलिन नै थिए । स्वर साधना गर्दा भने उनि हार्मोनियममा गर्दथे । उनि भन्ने गर्दथे, "स्वच्छ कलाकार हुन निकै मुश्किल हुन्छ । संगीत सिर्जना गर्न संगीत र वाद्य सामग्रीको निकै गहन ज्ञान हुनु जरुरी हुन्छ भने गायनको लागि पनि संगीतको राम्रो ज्ञान र साधनाको जरुरत पर्छ । एक प्रकारले भन्नु पर्दा रचनात्मकता (creativity) भन्ने कुरा निकै गाह्रो कुरा हो र यो संगीतको साधना र ज्ञानको साथै इश्वरले दिएरै पठाएको एक प्रकारको जन्मजात गुण वा भाग्य (destiny) पनि हो । संगीत भित्री मन देखि निस्कनु पर्दछ र यसको साधना गर्दा उत्तेजना (oscentation) पटक्कै हुनुहुँदैन । राम्ररी सुनेर, बुझेर, ध्यान पुऱ्याएर बनाएको संगीत नै सर्वोत्तम हुन्छ ।"

मैले पनि करिव दुई वर्षसम्म स्वर्गिय अम्बर गुरुङसँग संगित सिक्ने अवसर नेपाल राजकिय प्रज्ञा प्रतिष्ठानको छात्रवृत्ति मार्फत पाएको हुँ । उनले संगीत सिकाएका करिव एक हजार जना जति संगीतका विद्यार्थीहरु मध्ये आफु पनि पर्न पाउँदा मनमा एक प्रकारको निकै राम्रो अनुभूति र सन्तोष हुन्छ। हरेक वर्ष खोलिने यस्ता छात्रवृत्ति संगित, नाट्य, तथा नृत्य विधामा हुन्थे र छानिनको लागि ठुलै प्रतिष्पर्धा हुन्थ्यो । बालसखा नरेन्द्र प्यासी र मेरो लामो समय सम्मको संगित साधना र संगित सम्बन्धि पुस्तकहरुको अध्ययनले गर्दा होला हामी दुबैजना छानिएका थियौँ । त्यस्तै गायक कुबेर राई र गायिका रिता राई पनि संगित विधा तर्फ छानिएका थिए । प्रत्येक दिन बिहान प्रज्ञा प्रतिष्ठानमा कक्षा सञ्चालन हुन्थ्यो । तत्पश्चात त्यताबाटै हामी कलेज जान्थ्यौँ । हामीले महिनाको तिन सय रुपैयाँ छात्रवृत्ति पनि पाउँथ्यौँ, जुन त्यतिबेलाको हिसाबले ठुलै रकम हुने गर्दथ्यो ।

संगितको प्रशिक्षणको क्रममा अम्बर गुरुङले हामीलाई सैद्धान्तिक कुराहरु वाहेर धेरै व्यावहारिक कुराहरु पनि सुनाउँदथे । नेपाल र विश्वका महान गायक र संगितकारहरु वारेका रोचक कुराहरु र उनले बनाएका प्रख्यात धुनहरु गुरु अम्बरले पियानो बजाएर सुनाउँथे । उनीबाटै पश्चिमी शास्त्रीय संगितका प्रख्यात हस्तीहरु जोहन सिवाश्टीयन बाक (Johann Sebastian Bach), जर्ज फ्रेडेरिक हेन्डल (George Frideric Handel), वुल्फगेङ्ग अम्याडियुस मोजार्ट (Wolfgang Amadeus Mozart), लुड्वीग भ्यान विथोभेन (Ludwig Van Beethoven), फेलिक्स मेण्डल्स्सन (Felix Mendelssohn), फ्रेडेरिक चपिन (Frederic Chopin), स्ट्रेडिभेरियस (Stradivarious) आदिका बारेमा प्रारम्भिक ज्ञान हामीले पायौँ भने पछि यिनका संगित सुन्ने तथा स्ट्रेडिभेरियस भ्वाइलिन (Stradivarious Voilin ) हेर्ने सौख पनि पैदा हुँदै गयो, यद्यपी यीनको संगित सहजै बुझ्न त्यति सकिँदैन । सन् २०१६ को मेरो र मेरी दिवंगत पत्नीको युरोप भ्रमणमा हामीले जर्मनीको कोलन भन्ने शहरमा लुड्वीग भ्यान विथोभेन (Ludwig Van Beethoven) को संग्रहालय बनाइएको उनि जन्मेको घरको अवलोकन पनि गर्न पाएका थियौँ ।

प्रत्येक दिन हामीलाई संगित साधनाका विभिन्न स्वर अभ्यासहरु सिकाउने तथा त्यस्तै अन्य जटिल अभ्यासहरु गृहकार्यको रुपमा दिएर सोलाई परिमार्जित गरेर अर्को कक्षामा सुनाउने निर्देशन दिन्थे । निकै कठिन त्यस्ता गृहकार्यहरुलाई राम्ररी अभ्यास गरेर उनलाई सुनाउँदा उनको चित्त बुझ्यो भने उनि निकै खुशी हुन्थे तर राम्ररी प्रस्तुत गर्न नसकेमा उनि निकै खिन्न हुन्थे । अनि कि त उनले सिकाउन नसकेको वा हामीले राम्ररी ध्यान नदिएको भनेर केही बेर रिसाएर हामी सबैलाई निशव्द बनाइदिन्थे र फेरी मुसुक्क हाँसेर “तिमीहरुलाई हलुवा खुवाएर बालुवा निकाल्छु म, संगित त्यसै सिकिन्छ भनि ठानेका छौ होइन ? तिमीहरु संगितमा जति भित्र पस्छौ, यसले त्यति नै गहिरोमा लिएर जान्छ । गम्भीरतापुर्वक सिक्ने हो भने तिमीहरुले गहिराइमा जाने प्रण गर्नुपर्दछ” भन्दथे । बेला बेलामा उनले हामीलाई केही समयको लागि अर्का गुरु दिपक जंगमको जिम्मा लगाउँथे । सायद उनिहरुको बिचमा हामीलाई प्रशिक्षण दिने कुरामा सल्लाह भएको हुनुपर्दछ । त्यसैले अम्बर गुरुले सिकाएकै कुराहरुको निरन्तरता हुन्थ्यो दिपक गुरुको सिखाइमा पनि ।

बेला बेलामा अम्बर गुरुङले आफु विद्यार्थी हुँदाका कुराहरु कहानीको पारामा सुनाउँथे र संगित सिक्न कति तपस्या गर्नुपऱ्यो त्यो पनि सुनाउँथे । माथि भनिए जस्तै संगित रुपी समुद्रमा जति डुब्यो त्यति त्यति गहिरोमा धसिँदै जाने कुरा बताउँथे । उनि भन्थे, हुन त सात सुर मिलेर संगित बन्छ, तर त्यही सात सुरबाट विश्वमा कति धेरै संगितहरुको सिर्जना भएको छ र कुनै पनि संगित अर्को सँग मिल्दैनन् । उनि युवा छँदा संगित सम्बन्धि पुस्तकहरु, बाजाहरु, तथा सिकाउने गुरु बिरलै पाइन्थे अरे । भर्खरै

सांगितिक नोटेशन सिकेर दार्जिलिङ्गको एउटा विकट गाउँमा मास्टरी गर्न जाँदा उनिसँग एउटा भ्वाइलिन र एउटा सानो नोटेशनको किताब मात्र थियो रे । साधना गर्दा गर्दा त्यो किताबमा भएका सबै धुनहरु उनलाई कण्ठ भएछन् । अब अभ्यास गर्न अर्को किताब त थिएन उनिसँग । त्यही भएर उनले नयाँ जुक्ति निकालेछन् । पुस्तकको उल्टो तिरबाट नोटेशन पढेर बजाउन थालेछन् । यसो गर्दा धुन त राम्रो भएन होला तर साधना गर्न त मिलिहाल्यो नि ।

नेपालका एकाध संगीतकारहरुलाई मात्र पुर्वीय वा पश्चिमी शैलीको सांगितिक नोटेशन लेख्न आउँछ । अम्बरको भनाईमा एउटा कुशल संगितकारको लागि नोटेशन जान्नु अति नै महत्वपुर्ण कुरा हो । कुनैपनि धुन सिर्जना गर्ने वित्तिकै त्यसको नोटेशन लेखेर राखिहाल्नु पर्दछ । हुन त आजकल मोवाइल र अन्य माध्यमबाट पनि आफ्ना धुनहरु तुरन्त रेकर्ड गरेर राख्न सकिन्छ । उनको भनाइमा उनका समयका दार्जिलिङका कलाकारहरुले परायाको अधिनमा बसेकाले उनीहरुबाटै नोटेशन र पाश्चात्य वाद्यवादनका साधनहरु सिक्ने मौका भने पाए ।

उनि हामीलाई जति सक्दो धेरै साधना गर्न भन्थे । गित गाउन र संगित भर्न हतार गर्ने भन्दा पनि यसमा पहिला पोख्त हुनुपर्‍यो भन्थे । साथै सुर र ताल दुबैमा निपुण हुनु जरुरी छ पनि भन्थे । सुर र ताल पछिको अर्को महत्वपुर्ण कुरा भाव यानी वजन भन्थे उनी । यानी शव्दको अर्थलाई कहाँ कहाँ विशेष जोड दिएर यसको भावलाई प्रष्ट्याउने । यसको लागी घाँटीबाट मात्र नभई मन भित्रबाट कसरी गाउने ।

एकजना हामीसँगै संगित सिक्न आउने साथि थियो, अहिले मैले नाम बिर्सिएँ । उ बारम्बार अम्बर गुरुलाई आज यस्तो संगित बनाएर ल्याएको छु भनेर सुनाउँथ्यो । गुरु विनम्र भावमा उसलाई “संगितको सिर्जना त आफु पोख्त भएपछि जहिले र जति गरेपनि भइहाल्यो नि, अहिले के को हतार, अहिले त आधारभुत कुराहरु सिक्ने हो नी” भन्थे । संगितको विद्यार्थीले यसका सबै पक्षको गहिरो अध्ययन र नियमित रियाज गर्नुपर्छ भन्ने उनको मान्यता थियो । धेरैजसालाई गाउन र लय बनाउन नै हतार हुन्छ, जबकी उनले संगितका आधारभुत कुराहरु नै बुझिसकेका हुँदैनन् । यसै सन्दर्भमा अम्बरले एउटा रोचक उदाहरण दिएका थिए । दार्जिलिङ्गमा उनका एक साथी थिए रे, जो जिमखानामा गएर खुबै कसरत गर्थे अरे । तर शरीरका सबै अंगहरुको कसरत नगरेर उनी पाखुरामा मात्र बल गर्दारहेछन् । भरे त हात पाखुरा चाहीँ खाइलाग्दो तर खुट्टाहरु भने ठिङ्ग्रीङ्ग दुइवटा बाँस उभिएको जस्ता पो भएछन् रे । त्यसैले उनि भन्ने गर्दथे कि संगितमा पनि यसको चौतर्फी ज्ञान नै पहिले हासिल गर्नुपर्दछ ।

तर त्यो साथि केही दिन पछि फेरी अर्को संगित ल्याएर सुनाउन थाल्थ्यो । पछि त गुरुले उसको नाम नै “शुरदास” भनेर राखीदिए । त्यहाँ सिक्दा सिक्दै त्यो साथि अकस्मात आउन छाड्यो र तत्पश्चात निकै समयसम्म उसँग भेट पनि भएन मेरो । एकदिन म रत्नपार्कको बाटोमा हिँडीरहेको बेला उसले मानिसहरु बटुलेर काँधमा एउटा चरा पनि राखेर चटक देखाउँदै गित गाइरहेको देखेँ । उसले वास्तवमा मानसिक सन्तुलन गुमाएर धेरै समय देखि यसो गर्ने गरेको रहेछ । तर कस्तो अचम्म भने, उसले मलाई त्यो भिडमा पनि चिनेर अंगालो मारेर मेरो साथि भन्यो । मैले पनि उसलाई अंकमाल गरेँ । त्यहाँ उपस्थित तमासा हेर्न बसेका सर्वसाधारणहरु भने छक्कै परेका थिए ।

अम्बर गुरुङ पुर्वीय र पाश्चात्य दुबै संगितका ज्ञाता थिए । यी दुईको उचित मिश्रण गरेर नयाँ किसिमका धुनहरु बनाउन पनि उनि निकै रुचाउँथे । प्रज्ञा भवनको चौथो तल्लाको पश्चिम पट्टीको कोठामा दिनभर बसेर त्यहाँ राखीएको पियानोमा विभिन्न धुनहरु बजाएर रियाज गर्नु तथा नयाँ नयाँ

धुनहरु सिर्जना गर्नु र संगितको अनुसन्धानमा समय बिताउनु उनको दिनचर्या नै थियो । यही कार्यालय कोठामा बसेर उनले संगित सम्बन्धी धेरै खोज र अनुसन्धान गरे । धर्म, संस्कृति, कला, संगित, समाज शास्त्र, इतिहास र भूगोल एक अर्काका परिपुरक विषयहरु हुन् भनेर विश्वास गर्ने उनी यी सबै विषयका पुस्तक तथा दस्तावेजहरु पढ्न रुचाउँथे ।

उनिसँग मेरो पछि पछि पनि भेट भई रहन्थ्यो । कहिले उनकै घरमा त कहिले विभिन्न समारोहहरुमा । सन् १९८९ साल तिर उनका जेठा छोरा किशोर गुरुङले उनकै घरमा राखेको संगित स्टुडियोमा एकजना मित्र सुनिल पराजुलीका गितहरु रेकर्ड गर्न वाद्यवादन र सहायक गायन (support vocal) का लागि मलाई पनि सो समुहमा आवद्ध गरेका थिए । झण्डै तिन चार महिना हामी पुरै समुह सो कार्यमा व्यस्त भयौं र त्यो बेला संगित तथा यो सँग सम्बन्धित कैयन् प्राविधिक कुराहरुको पनि ज्ञान हासिल गर्ने मौका पाएँ । कार्यालय नगएका बेला अम्बर गुरुङ आफ्नो खोपीमा बसेर हाम्रा कृयाकलाप सबै सुनेर बसिरहेका हुन्थे । अनि बेला बेलामा मलाई भित्र बोलाएर उनको छोरा किशोरबाट मैले संगित सम्बन्धि धेरै कुराहरु सिक्न सक्ने भएकोले यो समुहमा आवद्ध भएर मैले धेरै राम्रो गरेको कुरा बताउँथे तथा संगित संयोजन र रेकर्ड गर्ने तरिकाहरु वारेका कुराहरु पनि मलाई सुनाइरहन्थे ।

सन् १९९४ तिर म “द माइलस्टोन” भन्ने अंग्रेजी पत्रिकाको प्रधान सम्पादक हुँदा एकचोटी मैले उनको अन्तर्वार्ता पनि लिएको थिएँ । सो अन्तर्वार्तामा उनले संगितकार र श्रोताहरु वारे, पप संगित वारे, संगितको सिमा वारे, मौलिकता, र संगित उद्योग आदि वारे विभिन्न महत्वपुर्ण कुराहरु भनेका थिए । पप संगीत कै वारेमा पनि उनले नेपालमा धेरै युवाहरु पप संगीतबाट प्रभावित छन्, तर उनीहरुले पप संगीतमा पनि अन्ध नक्कल (blind imitation) नगरेर आफ्नो मौलिकतालाई बिग्रनबाट बचाउँदै साधना गरे निकै राम्रो हुने बताएका थिए । नेपालको संगीतको परम्परा, हाम्रो सम्पदाको कदर र मौलिकता रहने गरि संगित सिर्जना गर्नुपर्छ । पशिचमा मुलुकहरुमा पनि पप व्याण्डहरुको एकापसमा फरक पहिचान बनाउन ठुलै द्वन्द्व हुने गर्दछ  तर उनिहरुले पनि आफुलाई अरु भन्दा फरक र संगीतका विशेष साधकका रुपमा आफुहरुलाई प्रस्तुत गर्न निकै मेहनत गर्दछन् । यस्तै सोच पुर्वीय संगीतका धुरन्धर घरानाहरुले पनि राखेका हुन्छन् । माइलस्टोनलाई दिएको अन्तर्वार्तामा उनले कुनै बेला नेपाली गितहरु रेकर्ड गर्न भारतसम्म धाउनु पर्नेमा आज नेपालको संगीत उद्योगले ठुलो फड्को मारेको कुरा पनि बताएका थिए । नेपाल र विश्वका अन्य मुलुकहरु विच सांगितिक आदान प्रदान भइरहनु पर्ने र यसबाट दुबै देशका संगीतकर्मीहरुलाई एक प्रकारको ज्ञान आर्जन हुने कुरा पनि उनले उल्लेख गरेका थिए ।

प्रज्ञा प्रतिष्ठानबाट अवकाश प्राप्त गरेपछि पनि उनले नेपालको संगित प्रतिष्ठानको प्रथम कुलपति भएर केही समय काम गरे । नेपालमा पछिल्लो राजनैतिक परिवर्तन पश्चात राष्ट्रिय गान नै परिवर्तन गरिएकोले व्याकुल माहिलाद्वारा रचित नयाँ राष्ट्रिय गानमा संगित भर्ने जिम्मा पनि अम्बरले पाए । उनले निकै गहन अध्ययन गरेर मुलुकको राष्ट्रिय गान सबै खाले नागरिकले सजिलोसँग गाउन सक्ने हुनुपर्दछ भन्ने कुरा मनन गरेर सरल खालको संगित भरेर तयार गरे ।  आफुले यस्तो महत्वपुर्ण काम पाएकोमा निकै गौरवान्वित भएको बताउँदै उनले कुनै पनि मुलुकको राष्ट्रिय गान खास गरी दुई थरीको तालमा बनाइनु पर्ने कुरा बताउँथे । उनको बिचारमा खुशीको क्षणमा बज्ने राष्ट्रिय गान अलिक छिटो ताल (fast tempo) मा हुनुपर्ने र दुख र विरहको बेला राष्ट्रिय गान बजाउनु पर्दा केही ढिलो ताल (slow tempo) मा हुनुपर्छ ।

अम्बर गुरुङको संगितमा गित गाउन वा उनिसँग संगितको अभ्यास गर्न जो कोहीलाई निकै कठिन हुन्थ्यो । उनि निकै अनुशाषित र साना साना खोटहरु समेत सजिलै पत्ता लगाउन सक्ने व्यक्ति हुनुका साथै उनलाई हरेक कुरामा परिपूर्णता चाहिने भएकोले उनिसँग काम गर्न त्यति सजिलो थिएन । नेपाल चलचित्र संस्थानद्वारा निर्मित फिल्म जीवन रेखामा संगित दिएका उनलाई फिल्मका निर्देशकले संगित अलिक व्यावसायिक हुनुपर्‍यो भन्दा उनि निकै रिसाएका थिए रे र त्यस फिल्मको गितको रेकर्ड गर्दा स्वर किन्नरी तारादेवी समेत पसिना पसिना भएकी थिन् रे । सो फिल्मको गित र पार्श्व संगित रेकर्ड गर्न भारत, मुम्बइको स्टुडियोमा जाँदा भारतीय संगितकार आर. डि. वर्मनले उनको संगित सुनेपछि उनको पाउ नै समाउँला जस्तो गरेर सम्मान गरेका थिए रे । त्यतिबेलाको उनले हामीलाई सुनाएको एउटा रोचक प्रसंग चाहीँ आर.डि. वर्मनले अम्बरलाई यस्तो एउटा फिल्ममा संगित हाल्दा संगितकारले नेपालमा कति रकम पाउँछन् भनेर सोधेछन् । यदाकदा फिल्म बन्ने त्यो बेला अम्बरले वास्तवमा त्यो सिनेमाको लागि ५,००० रुपैयाँ पाएका थिए रे, तर त्यति थोरै रकम भन्यो भने यिनीहरुले खिसी गर्लान् भनेर उनले पनि १५,००० रुपैयाँ पाएँ भनेछन् । यो कुरा सुनेर आर.डि. वर्मन दुई कदम पछाडि हटेर “सिर्फ १५,००० ? यहाँ भए त मैले कम्तिमा पनि ३ लाख पाउँथेँ” भनेछन् । अम्बर पनि मुस्कुराउँदै मनै मन आफुलाई धन्यवाद दिन थालेछन् । किनकी उनले यथार्थ कुरा भनेका भए त आर.डि. वर्मन बेहोसै हुने रहेछन् ।

अम्बर गुरुङलाई उनको जीवनकालमा नेपालमा एउटा संगितको वृहत महाविद्यालय, सिम्फोनिक अर्केष्ट्रा तथा संगितको अभिलेखालय खोल्ने ठुलो इच्छा थियो । तर उनि एक्लैले मात्र तातेर केही हुन सक्ने वातावरण नै कहिल्यै बनेन । अधिकांश संगितकर्मीहरु औपचारिक तालिम र अनुभव विना नै संगितकार बनेकाले उनिहरुलाई आफ्नो ख्याती वाहेक केही नचाहिने र बाँकी रहेका केही दिग्गज संगितकारहरु पनि श्रोत, साधनको कमी तथा चरम आर्थिक समस्याले गर्दा यस्ता कुरामा त्यति चासो राख्ने उनिहरुमा हौसला नै थिएन ।

अम्बर गुरुङ आफै पनि आर्थिक रुपले त्यति सम्पन्न थिएनन् र पैसै कमाउन उनि त्यति लालायित पनि भएनन् । जिवनभर उनि भाँडा कै घरमा बसे भने उनको जीवनशैली पनि निकै सरल थियो । तर सुकिला र राम्रा लुगा र जुत्ता लगाएर चिटिक्क परेर हिँड्न भने उनि निकै रुचाउँथे । बुढेसकालमा उनका छोरा छोरीहरुले आफ्ना प्यारा बाबुआमालाई निकै माया, ममता र स्याहारका साथ खुशी राखेका थिए ।

अम्बर गुरुङले करिव बिस वर्ष पहिले प्रज्ञा प्रतिष्ठानको हलमा आफै संगित संयोजक (conductor) भएर प्रस्तुत गरेको सिम्फोनी अर्केष्ट्रा ९कथउजयलथ यचअजभकतचब० नेपालको संगीतको इतिहासमा नै एक अद्वितिय कार्यक्रम भएको थियो । हो उनि चाहन्थे कि यस्तै प्रस्तुतिहरु विभिन्न संगितिज्ञ र टोलीहरुले गरिरहुन । अहिले भने उनका एकजना चेला राजकुमार श्रेष्ठले केही हदसम्म उनको बिँडो थामेर यो काम गरिरहेका छन् ।

जीवनमा कहिले पनि साँगितिक प्रतियोगितामा भाग नलिएका र नचाहने अम्बरसँग त्यतिबेला भारतको डुवर्सबाट आएका नवगायक भक्तराज आचार्यले हारगुहार गरेर मागेको गित “होशियार” उनले रेडियो नेपालको आधुनिक गित प्रतियोगितामा गाएर प्रथम भएपछि भने अम्बरले पनि एउटा स्वर्ण पदक पाएछन् । यो कुरा सम्झेर अम्बर पछि सम्म पनि हाँस्थे । संगितको क्षेत्रमा अम्बर गुरुङको अमर कृतिहरु मध्ये नौ लाख तारा (अम्बर), सुगौली सन्धी (अम्बर), म अम्बर हुँ तिमी धरती (अम्बर), यात्रा त्यही बाटो त्यही (अम्बर), म दुर भएर के भो (अम्बर), तिमी भूलमा पर्‍यौ (अम्बर), टिप यो जोवन (

अम्बर र तारादेवी), पोहर साल खुशी फाट्दा (अरुणा लामा), आँखामा मेरो छाइरहेको (अरुणा लामा), सम्हालेर राख (शान्ति ठटाल), पोखिएर घामको झुल्का (नारायण गोपाल), ए कान्छा मलाई सुनको तारा खसाई देउ (अरुणा लामा र रुद्रमणी गुरुङ), कहिँ आफ्नो भुमरीमा आफै पर्‍यौ की (अम्बर), यो जिन्दगीको के कुरा (अम्बर), रातो र चन्द्र सूर्य (किरण प्रधान, रविन शर्मा, सुनिता सुव्वा) तथा धेरै धेरै गित संगीतहरु छन् ।

संगीतकर्मीहरुले संगीतमा राम्ररी भिजेर लाग्नु पर्ने तथा अरुलाई सिकाउनु भन्दा पहिले आफुले नै संगीत राम्रोसँग बुझ्नु पर्ने र दर्शक तथा श्रोताहरुले पनि संगीतको मज्जा लिन आफुलाई यो क्षेत्रमा अलिकति शुशिक्षित बनाउनु पर्ने कुरा बेला बेलामा भन्ने गर्दथे । उनको भनाईमा सजग श्रोता विना संगीत, संगीतकार, रचनाकार, गायक र संगीतकर्मीले प्रेरणा नै पाउँदैन र फलस्वरुप पुरै संगीत विधाको नै अस्तित्व रहँदैन । यस्ता अमर संगीतज्ञ तथा नेपालको संगीत क्षेत्रमा निकै समयसम्म अभिभावक (father figure) भएर रहेका अम्बर गुरुङको सम्झनामा हामी सबैले यो महिना भरी उनका कालजयी गितहरु सुनेर उनी माथि श्रद्धा व्यक्त गरौँ ।

** लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७७ साल जेठ ३० गते*